# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**

**लुम्बिनी प्रदेश , नेपाल**

च. नं

प. स. ०७८/०७९

मितिः-२०७८/१०/१६

## ऐक्युवध्दता सम्वन्धमा !!!

प्रस्तुत विषयमा गहुखेतीको लागी आवश्यक मलखाद उपलब्ध गराईदिने लगायतको माग सहितको किसानहरुको आन्दोलनको सम्वन्धमा मेरो ऐकवध्दता रहेको व्यहोरा सम्पुर्ण सरावल वासी किसान आमावुवा दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक अपिल गर्दछु ।

प्रस्तुत विषयम सन्दर्भमा म जनप्रतिनिधीको रुपमा चयन भएपछीदेखि नै निरन्तर रुपमा लागिरहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु। किसानहरुको लागी समयमा विउविजन तथा मलखादको वन्दोवस्त गर्न सिंचाईको लागी आवश्यक पहल गर्न प्राकृतिक प्रकोपवाट भएको क्षतीको लागी राहत उपलब्ध गराउने कार्य हाम्रो सरावल गाउपालिकाको वार्षिक स्विकृत कार्यक्रममा स्विकृत गरी विद्यमान श्रोत साधनले भ्याएसम्मको कार्य यसै कार्यालयवाट सञ्चालित छ भने यस कार्यालयको श्रोतवाट सम्भव नभएको कार्य प्रती माथील्लो निकायवांट माग गर्ने कार्यमा म दिनरात जुटिरहेको व्यहोरा यहाहरुसमक्ष अवगत नै छ।

यस सरावल गाउपालिकाको मुख्य पेशा कृषि रहेको तथा यस क्षेत्र कृषि क्षेत्रमा सम्भवना वोकेको क्षेत्र रहेको कुराप्रति म सचेत छु साथै स्वयं पनी किसानको रहेकोमा किसानको समस्या प्रति म धेरै जानकार छु।कतिपय अवस्थामा आफु खटिरहदा पनि किसानको माग संवोधन गर्न नसकिरहेको तथा वाढी लगायतको प्राकृतिक प्रकोपको कारण किसानले सास्ती भोग्नुपरेको अवस्था विद्यमान छ। यसको अर्थ म एवं सरावल गाउपालिका किसानको समस्याप्रति वफादार भएन वा जानकार भएन भन्ने अर्थमा नवुझिदिनुहुन सम्पुर्ण सरावलवासीहरुमा विनम्र अनुरोध गर्न चाहन्छु। किसानको हकहितको लागी दिनरात नभनी खटिरहेको र खटिरहने प्रतिवध्दता व्यक्त गर्दछु एवं किसानको आन्दोलप्रती ऐक्युवध्दता जनाउदै विगतमा जस्तै यहाहरुको साथ सहयोगको लागी समेत अनुरोध गर्न चाहन्छु ।

२०७८/१०/१६

..............................

राधेश्याम चौधरी

अध्यक्ष

राधेश्याम चौधरी

अध्यक्ष

ईमेल :info@sarawalmun.gov.np    वेवसाईट :www.sarawalmun.gov.np